नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-३/०७६/७७ मिति : २०७६/१०/२७
च.नं. :- ३०३

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै
श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै)।

**बिषयः- दादुरा रुवेला खोप अभियान संचालनको समन्वय सम्बन्धमा ।**

प्रस्तुत बिषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.स. ०७६/७७ च.नं. १५० मिति २०७६/१०/२६ को पत्राचार सम्वन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई आवश्यक सहयोग, समन्वय तथा अन्य व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/१०/२८

(राजकुमार बोहरा)
शाखा अधिकृत

**वोधार्थ :**
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

प्र.स्वा.प.च.नं./का. ६९०
१०/२६

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(प्रदेश तथा स्थानिय स्वास्थ्य समन्वय शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या ०७६।७७
चलानी नं. :-१५०

मिति :-२०७६/१०/२६

विषय :- दादुरा रुवेला खोप अभियान संचालनको समन्वय सम्वन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत सम्वन्धमा विश्व स्वास्थ्य संगठन दक्षिणपूर्व एशियाको सेप्टेम्वर २०१९ को निर्णयानुसार **सन् २०२३ सम्ममा दक्षिणपूर्व एशियाबाट दादुरा रुवेला रोग निवारण गर्ने निर्णय भए अनुसार** नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट **आगामी फाल्गुन र चैत्र महिनामा २ चरणमा गरि दादुरा रुवेला खोप अभियान संचालन गर्ने** घोषणा भएको व्यहोरा अनुरोध छ ।

यो **अभियानमा ९ महिना देखि ५९ महिना सम्मका सम्पूर्ण बालबालिकाहरु लाई दादुरा रुवेला खोप र तराईका १९ जिल्लाहरुमा जन्मे देखि ५ वर्ष मुनिका बालवालिकाहरु लाई पोलियो थोपा समेत खुवाईने साथै यहि अभियानको अवसरमा विगतमा विगत देखि नियमित खोपमा छुट भएका बच्चाहरुको खोजि गरि खोप पुरा गराई यस आ.व.मा सवै तह (वडा, पालिका, जिल्ला, प्रदेश) पूर्णखोप सुनिश्चित गर्ने समेत लक्ष रहेको** व्यहोरा अनुरोध छ ।

यो अभियानलाई प्रभावकारी बनाई टोलवस्ति, वडामा कुनै पनि बालबालिका नछुटेको सुनिश्चित र प्रमाणिकरण गरि वडा, पालिका बाट प्रतिवेदन गर्नु पर्ने हुंदा स्थानिय तह (पालिका,वडाहरु)मा कार्यक्रम प्रभावकारी वनाउन आवश्यक व्यवस्थापन, सहयोग, समन्वयको साथै जनप्रतिनिधि एवं समुदाय परिचालन र प्रचार प्रसारको व्यवस्था गरि शत प्रतिशत बालबालिकाहरुलाई खोप दिलाई बच्चा छुट नभएको प्रमाणिकरण गरि प्रतिवेदन समेत पठाउने व्यवस्थाको लागि **तहां मन्त्रालय मार्फत सबै जिल्ला समन्वय समितिहरु र स्थानिय तहहरुमा पत्राचार गरि** समन्वय गरि दिनको लागि सादर अनुरोध छ ।

भीम प्रसाद सापकोटा
बरिष्ठ जनस्वास्थ्य प्रशासक